annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १६६ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४४ | FRIDAY, OCTOBER 18, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी



## माथिल्लो तामाकोशीबाट विद्युत् पुनः उत्पादन कहिले ?

- करिब २ अर्ब क्षतिको प्रारम्भिक अनुमान
- कुल १.८ अर्बको बिमा दाबी
- आयोजनाको मुख्य बाँधस्थलमा क्षति
- नियन्त्रण कक्ष भवन ध्वस्त
- डिस्यान्डर र कल्भर्टमा क्षति
- आयोजनालाई दैनिक करिब ४ करोडको घाटा
- पहुँचमार्ग ध्वस्त
- तिहारसम्म आंशिक सञ्चालनको प्रयास

समाचार पृष्ठ २

सुनिता कार्की | *काठमाडौं*

- को रिपोर्ट

गत असोज ११ र १२ गते आएको बाढीले क्षतिग्रस्त माथिल्लो तामाकोशी आयोजना।

## बाइडेनद्वारा ४४ अर्ब ५० करोड डलर विद्यार्थी ऋण राहत स्वीकृत

**वासिङ्टन** (एजेन्सी): राष्ट्रपति निर्वाचनको दुई साताभन्दा कम समय बाँकी रहँदा अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार सार्वजनिक सेवकहरूका लागि करिब ४४ अर्ब ५० करोड डलर बराबरको अतिरिक्त विद्यार्थी ऋण राहत घोषणा गरेका छन्। पदमा आएदेखि बाइडेन र उपराष्ट्रपति कमला ह्यारिसको ऋण माफीमा सुधार ल्याउने प्रयासहरूको प्रशंसा गर्दै यो कार्यले देशभरका करिब ६० हजार ऋणीलाई प्रभावित गर्ने ह्वाइट हाउसले बताएको छ।

ह्यारिस नोभेम्बरको ह्वाइट हाउस दौडमा डेमोक्रेटिक उम्मेदवार हुन्। उनले रिपब्लिकन पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध प्रतिस्पर्धा गर्दै छिन्। यो घोषणा कोभिड-१९ महामारीपछि घरपरिवारहरूले उच्च जीवनयापन लागतको भार महसुस गरिरहेको र मतदाताहरूले सर्वेक्षणहरूमा अर्थतन्त्रलाई महत्वपूर्ण चिन्ताका रूपमा उल्लेख गरेको बेलामा आएको छ। पछिल्लो कदमसँगै सार्वजनिक सेवा ऋण माफीअन्तर्गत १० लाख बढी मानिसको ऋण रद्द गरिएको राष्ट्रपति बाइडेनले वक्तव्यमा उल्लेख गरेका छन्।

## टीआरसीले चाँडै पूर्णता पाउने

**अन्नपूर्ण** | *काठमाडौं*

नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका शीर्ष नेताबीच सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी नियुक्त गर्ने प्रक्रिया थालनी गर्न सहमति भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको प्रमुख दलका शीर्ष नेताको बैठकले संक्रमणकालीन न्याय टुंगोमा पुऱ्याउन तत्काल सिफारिस समितिलाई पूर्णता दिने सहमति गरेको छ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भएका समयमा २०८० चैत ३० गते पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा सिफारिस समिति गठन भएको थियो। सो समितिमा राष्ट्रिय मानवअधिकार आयोगको सदस्य वा आयोगले तोकेको सदस्य, सर्वोच्च अदालतका पूर्वन्यायाधीश जगदीश शर्मा पौडेल, डा. अर्जुनकुमार कार्की र स्टेला तामाङ सदस्य रहने निर्णय भएको थियो। तर, आयोगले सदस्य नतोकिदिएका कारण समितिले पूर्णता पाएको छैन। शीर्ष नेताको बैठकले सिफारिस समितिलाई पूर्णता दिएर आयोग गठन गर्ने सहमति गरेको माओवादी केन्द्रका उपमहासचिव शक्ति बस्नेतले जानकारी दिए।

उनले एक दिनभित्रै सिफारिसले पूर्णता पाउने र निश्चित समयभित्र आयोग गठनको काम टुंगिने जानकारी दिए। आयोगमा रहने पदाधिकारीको नाम पूर्वप्रधानन्यायाधीश मिश्रको अध्यक्षतामा रहेको सिफारिस समितिले निर्णय गर्ने उनले बताए।

'तत्काल सर्च कमिटीलाई पूर्णता दिएर आयोग गठनको काम अगाडि बढाउने विषयमा प्रमुख दलहरूबीच समझदारी भएको छ', उनले भने, 'अब एक दुई दिनभित्रमा सर्च कमिटीले पूर्णता प्राप्त गर्छ। यसले पूर्णता प्राप्त गर्नेबित्तिकै आयोग गठन प्रक्रिया अगाडि बढ्छ।' सर्च कमिटीले पूर्णता पाएको निश्चित समयभित्र आयोग गठन हुनुपर्ने कानुनी प्रावधान रहेको उनले बताए।

» बाँकी पृष्ठ ६

## बाढी–पहिरोपीडितलाई राहत प्याकेज

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले बाढी-पहिरोपीडितलाई राहत प्याकेजको घोषणा गरेको छ। बाढी-पहिरो संकटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहलाई तीन समूहमा वर्गीकृत गरेर सरकारले राहत प्याकेज उपलब्ध गराउने भएको हो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बिहीबार बसेको कार्यकारी समितिको बैठकले अति प्रभावित, प्रभावित र सामान्य प्रभावित गरी तीन वर्गमा छुट्ट्याएर राहतको घोषणा गरेको छ।

अतिप्रभावितलाई १ करोड, प्रभावितलाई ७५ लाख र सामान्य प्रभावितलाई ५० लाख उपलब्ध गराउने निर्णय कार्यकारी समितिको बैठकले गरेको प्राधिकरणका सहसचिव बसन्त अधिकारीले जानकारी दिए। उनका अनुसार २० जिल्लाका ७१ स्थानीय तहलाई तीन समूहमा वर्गीकरण गरिएको छ। अतिप्रभावित ९ स्थानीय तह छन् भने प्रभावित १२ स्थानीय तह र सामान्य प्रभावित ५० स्थानीय तह छन्।

यो रकम गृह मन्त्रालयको विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराइनेछ। जनजीवन सुचारु गर्न, अवरुद्ध सेवा सञ्चालन गर्न, जीवन सहज गर्न तथा अत्यावश्यक सेवा नरोकियोस् भन्ने उद्देश्यका साथ तत्कालको राहत स्वरूप यो रकम उपलब्ध गराउन लागिएको सहसचिव अधिकारीले जानकारी दिए। खोज तथा उद्धारलाई अझै प्रभावकारी बनाउन हेलिकप्टर लगायतका उपकरण पनि थप्नुपर्ने प्राधिकरणको निश्कर्ष छ। प्राधिकरणको कार्यकारी समितिको बैठकले खोज तथा उद्धारका लागि हेलिकप्टर र अन्य उपकरण किन्न पनि सरकारलाई अनुरोधसहितको सिफारिस गर्ने निर्णय गरेको छ।

'अहिले भएका हेलिकप्टर खोज तथा उद्धारलाई प्रभावकारी बनाउन पुग्दैनन्, त्यसैले हेलिकप्टरको संख्या थप्नु आवश्यक छ,' उनले भने, 'खोज तथा उद्धारका लागि उपकरण पनि अभाव छ। हेलिकप्टरलगायत उपकरण थप गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्लाई अनुरोधसहितको सिफारिस गर्ने निर्णय पनि भएको छ।' प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षता शुक्रबार राष्ट्रिय विपद् परिषद्को बैठक बस्ने भएको छ।

अविरल वर्षापछि आएको बाढी-पहिरोका बेला खोज तथा उद्धारमा निजी क्षेत्र तथा संघसंस्थाले गरेको सहयोगको कदर गर्दै उनीहरूलाई पनि आवश्यकताअनुसार प्राधिकरणको कार्यकारी बैठकमा आमन्त्रण गर्ने निर्णय भएको छ।

जेठ २८ देखि असोज २६ गतेसम्मको विपद्मा मृत्यु भएका परिवारका एक सदस्यको स्वास्थ्य बिमा गरिदिने निर्णय पनि प्राधिकरणको कार्यकारी बैठकले गरेको सहसचिव अधिकारीले बताए। 'यो वर्षको विपद्मा मृत्यु भएका परिवारको एक सदस्यको एक वर्षको स्वास्थ्य बिमा सरकारले गरिदिनेछ,' उनले भने।

» बाँकी पृष्ठ ३



खोज तथा उद्धारका लागि थप हेलिकप्टरको महसुस गऱ्यौं। हेलिकप्टरसहित उपकरण थप्न विपद् परिषद्लाई अनुरोधसहितको सिफारिस गर्ने निर्णय भयो।

**बसन्त अधिकारी**, सहसचिव

अतिप्रभावितलाई
१ करोड

प्रभावितलाई
७५ लाख

सामान्य प्रभावितलाई
५० लाख

